# शितगंगा नगरपालिका

## स्थानीय राजपत्र

खण्ड: १०, संख्याः १, मितिः २०८३/०३/०८

## भाग - १

## शितगंगा नगरपालिका

शितगंगा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्बत् २०८३ सालको ऐन नंम्बर १

### शितगंगा नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०८३

**प्रस्तावना** : निजी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, रोजगारी, आय आर्जनको अवसर, पूर्वाधार निर्माण, विपत् व्यवस्थापन तथा जलवायु परिवर्तन, खानेपानी तथा सरसफाई, वन तथा वातावरण संरक्षण, संस्थागत विकास तथा सुशासन, सहकारी संस्थाहरुको सबलीकरण तथा स्थानीय उत्पादनको बजारीकरण लगायतका कार्यक्रमका लागि साझेदारीको माध्यमबाट सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वशुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ मा उल्लेख भए अनुसार शितगंगा नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

**परिच्छेद १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **"शितगंगा नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०८३"** रहेको छ।

२) यो ऐन नगरसभाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

३) यो ऐन शितगंगा नगरपालिका क्षेत्रमा लागु हुनेछ।

**२. परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क)  “नगरपालिका” भन्नाले शितगंगा नगरपालिकालाई सम्झनुपर्छ।

ख)  “कार्यक्रम” भन्नाले यस ऐनको दफा ३ बमोजिम नगरपालिकासँग साझेदारीमा सञ्चालन गरिने कार्यक्रम सम्झनुपर्छ।

ग)  “लाभग्राही” भन्नाले यस ऐन बमोजिमको सेवा सुविधा उपभोग गर्ने व्यक्ति तथा समुदायलाई सम्झनु पर्छ।

घ)  “प्रस्तावक” भन्नाले दफा ५ बमोजिम नगरपालिकासँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्तावना पेश गर्ने वा आवेदन दिने व्यक्ति, कम्पनी, फर्म, राष्ट्रिय गैरसरकारी संस्था, सामुदायिक संस्था, सहकारी वा अन्य संघ संस्थालाई सम्झनुपर्छ।

ङ)  “स्थानीय सरकार” भन्नाले शितगंगा नगरपालिकालाई सम्झनु पर्छ।

च)  “सम्झौता” भन्नाले कार्यक्रम कार्यान्वयन गर्न दफा ८ बमोजिम शितगंगा नगरपालिकाले प्रस्तावकसँग गरेको साझेदारी सम्झौता सम्झनु पर्छ।

छ) “साझेदारी” भन्नाले साझेदारीको अवधारणा अनुरुप कुनै पनि कार्यक्रमको तर्जुमा, सञ्चालन तथा व्यवस्थापनका साथै आंशिक वा पूर्ण रुपमा वित्तीय लगानी गर्ने गरी यस नगरपालिका र साझेदार बीच भएको करार बमोजिम सम्झनु पर्छ।

ज) “साझेदार” भन्नाले यस नगरपालिकासँग साझेदारी गरी दफा ३ बमोजिमको कार्यक्रम सञ्चालन गर्नका लागि दफा ८ बमोजिम सम्झौता गर्ने प्रस्तावक सम्झनुपर्छ।

झ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधी वा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

ञ) “नगरसभा” भन्नाले शितगंगा नगरपालिकाको नगरसभा सम्झनुपर्दछ।

ट) “कार्यपालिका” भन्नाले शितगंगा नगरकार्यपालिका सम्झनुपर्दछ।

## परिच्छेद २
## कार्यक्रमको पहिचान तथा स्वीकृति

**३. साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिने :**

(क) यस नगरपालिकासँग मिलेर अल्पकालीन तथा दिर्घकालीन समयावधिको लागि लागत तथा प्राविधिक साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

ख) यस ऐन बमोजिम सञ्चालन  हुने कार्यक्रम नगरवासीको जीवनस्तरमा सुधार ल्याउने, रोजगारी सृजना गर्ने तथा गरिबी निवारण गर्न उन्मुख हुनुपर्ने छ ।गरिबी निवारण गर्न उन्मुख हुनुपर्ने छ।

ग) साझेदारी कार्यक्रमले सञ्चालन गर्ने कार्यमा लागत न्यूनीकरण गरी भौतिक, आर्थिक तथा मानव स्रोत र साधनको अधिकतम उपयोग र प्रभावकारी परिचालन हुनुपर्नेछ।

घ) साझेदारीमा कार्यक्रम सञ्चालन  गर्नका लागि पहिचान भएका क्षेत्रहरुमा आवश्यक थप विषयगत प्राविधिक दक्षता भएका साझेदारसँग सहकार्य गर्न सक्नेछ।

ङ) वृहत् पूर्वाधार र ठुला आयोजनाको लागि स्रोत सुनिश्चित गर्नुपर्नेछ।

च) असल अभ्यास र अनुभवहरुको आदान प्रदान गरी साझेदारीमा सञ्चालन  गरिने कार्यक्रमको विषयगत क्षेत्र नगरपालिकाले कार्यविधी बनाएर तय गर्नेछ।

**४. साझेदारीमा सञ्चालन गरिने कार्यक्रम देहायका विशेषताहरु हुनेछ :**

क) साझेदारले कम्तीमा ५० प्रतिशत लागत साझेदारी गर्नुपर्नेछ,

ख) साझेदारले दिगो सामुदायिक विकास कार्यक्रम, पूर्वाधार विकास तथा मर्मत लगायतका कार्यहरु गर्नुपर्नेछ,

ग) योजना तथा कार्यक्रमको कार्यान्वयन अवधि स्पष्ट भएको हुनुपर्नेछ,

घ) कार्यक्रमको कुल बजेटको ७० प्रतिशत रकम नघट्ने गरी पूँजीगत क्षेत्रमा खर्च गर्नुपर्नेछ।

**५. कार्यक्रम पहिचान तथा कार्यान्वयनका लागि प्रस्ताव आह्वान प्रकृया :**

क) नगरपालिकाले यस ऐन बमोजिम नगरसभाले स्वीकृत गरेका वा कार्यपालिकाले आवश्यकता महशुस गरेका एक वर्षीय वा दिर्घकालीन योजना तथा कार्यक्रमहरु, जसको कार्यन्वयनका लागि साझेदारको लागत तथा प्राविधिक सहयोग आवश्यकता पर्दछ, ती कार्यक्रमहरुको पहिचान गर्नेछ ।

ख) नगरपालिकाले स्वीकृत साझेदारी कार्यक्रम कार्यान्वयनका लागि सार्वजनिक सूचना प्रकाशन गरी आशय पत्र आह्वान गर्नुपर्नेछ । आशय पत्रको सूचनामा देहायका विवरण खुलाउनुपर्नेछः

अ) आशयपत्र पेश गर्ने कार्यालय वा निकाय,

आ) आशयपत्र पेश गर्ने अवधि,

इ) आशयपत्रमा खुलाउनु पर्ने विवरण,

ई) आशयपत्र साथ संलग्न गर्नु पर्ने कागजातहरु,

उ) प्रस्तावकको प्राविधिक तथा आर्थिक क्षमता

ऊ) तोकिए बमोजिमका अन्य विवरण।

ग) नगरपालिकाले उपदफा (ख) बमोजिम आशय पत्र प्राप्त भएपछि तोकिए बमोजिमको आधारमा मूल्याङ्कन गरी तोकिएका प्रक्रिया बमोजिम प्रस्तावकहरुको संक्षिप्त सूची तयार गर्नुपर्नेछ।

घ) सूचीमा परेका प्रस्तावकहरुसँग तोकिए बमोजिमका विषयहरु खुलाई सूचनामा उल्लिखित अवधिभित्र तोकिएको ढाँचामा प्रस्ताव आह्वानको लागि सुचना प्रकाशन गर्नेछ।

ङ) प्रस्ताव आह्वानको सूचनाको ढाँचा, आवेदन पत्र तथा प्रस्तावको ढाँचा तोकिए बमोजिम हुनेछ।

च) नगरपालिकाले तोकिए बमोजिमको मूल्याङ्कन समिति गठन गरी तोकिएका अवधिभित्र तोकिएको प्राविधिक तथा आर्थिक मूल्याङ्कनका आधारमा प्रस्ताव छनौट गर्नुपर्नेछ।

**६. कार्यक्रमको कार्यान्वयन तथा व्यवस्थापन :**

क) नगरपालिकाले यस ऐन बमोजिम कार्यक्रमको व्यवस्थापन, समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्नको लागि विभिन्न समिति, उपसमिति तथा कार्यदल गठन गर्न सक्नेछ।

ख) उपदफा (क) बमोजिम गठन गरिएका समिति, उपसमिति तथा कार्यदलका पदाधिकारी, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

ग) कार्यक्रम कार्यान्वयनको क्रममा नगरपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका वा मापदण्ड बनाई अनुदान उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद ३
## साझेदारी कार्यक्रम सम्झौता सम्बन्धी व्यवस्था

**७. सम्झौता गर्ने :**

(क) नगरपालिकाले दफा ५ को उपदफा (च) मा उल्लेख भएको मूल्याङ्कन समितिको सिफारिश बमोजिम प्रस्तावकसँग आवश्यकता अनुसार वार्ता गरी साझेदारी सम्झौता गर्नेछ।

(ख) उपदफा (क) बमोजिम गरिएको सम्झौताको ढाँचा सम्झौता गर्ने पक्षहरुले कार्यान्वयन गर्न लागिएको कार्यक्रमको आवश्यकता अनुसार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ४
## साझेदारी कार्यक्रमको वित्तिय व्यवस्थापन, प्रगति प्रतिवेदन तथा भुक्तानी

**८. वित्तीय व्यवस्थापन, प्रगति प्रतिवेदन तथा भुक्तानी**

(क) यस नगरपालिकाको कार्यक्रममा टेवा पुर्याउने उद्धेश्यले साझेदारीमा आएका साझेदारहरुलाई कार्यक्रम सञ्चालन  गर्नका निम्ति प्रचलित कानून अनुसार पेश्की तथा भुक्तानी गरिनेछ। यसरी नगरपालिकासँग साझेदारीमा आउने साझेदारलाई कार्यक्रम सञ्चालन गर्नको लागि पेश्की भुक्तानी गर्दा साझेदारले गर्ने लागत तथा प्राविधिक वा दुवै सहभागिताको स्तर र साझेदारको संलग्नताको उद्धेश्य आर्थिक प्रतिफल प्राप्त गर्ने रहे नरहेको विचार गरी पेश्की व्यवस्था गर्न सकिनेछ।

(ख) साझेदारी कार्यक्रमको प्रकृति र आवश्यकता अनुसार भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन तथा बिल भर्पाइ सम्झौतामा तोकिए बमोजिमको ढाँचा र समयमा पेश गर्नुपर्नेछ।

(ग) साझेदारी कार्यक्रमको भुक्तानी गर्ने समय तथा प्रकृया दफा ७ अनुसार सम्पन्न गरिएको साझेदारी सम्झौता पत्रमा तोकिए बमोजिम हुनेछ।

(घ) दफा ७ बमोजिम सम्झौता भएको कार्यक्रमको साझेदारी रकम समेत नगरपालिकाको खाताबाट खर्च हुनुपर्नेछ।

**९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन :** सम्झौता गरी कार्यक्रमको कार्यान्वयन गर्दा दफा ६(ख) बमोजिम गठन भएका समिति, उपसमिति तथा कार्यदलले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ वा विषेशज्ञ मार्फत पनि गराउन सकिनेछ।

## परिच्छेद ५
## विविध

**१०. विवादको समाधान :**

(क)  कार्यक्रम सञ्चालन गर्ने  सम्बन्धमा नगरपालिका  र  साझेदारबीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद आपसी समझदारीबाट ३० दिनभित्र समाधान गर्नु पर्नेछ।

ख) उपदफा (क) बमोजिम आपसी समझादारीबाट विवाद समाधान नभएको खण्डमा सम्झौतामा उल्लेख भएको हकमा सोही बमोजिम र उल्लेख नभएको अवस्थामा प्रचलित कानून बमोजिम हुनेछ।

**११. स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्ने :** साझेदारले कार्यक्रम कार्यान्वयनको सिलसिलामा सम्भव भएसम्म स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोग गर्नु पर्नेछ।

**१२. नियम  बनाउने  अधिकार :** यस ऐनमा व्यवस्था भएका प्रावधानहको कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

**१३. संशोधन तथा हेरफेर :** यस ऐनको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ।

**१४. बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्ने :** यस ऐनको कार्यन्वयनमा कुनै समस्या उत्पन्न भएमा बाधा अडकाउ फुकाउने र व्याख्या गर्ने अधिकार शितगंगा नगरपालिकामा निहित हुनेछ।

**प्रमाणिकरण मिति २०८३/०३/०८**

**आज्ञाले**
**कृष्ण प्रसाद सापकोटा**
**प्रमुख प्रशासकिय अधिकृत**